नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार**

**मि.नं.-६ दायर मितिः-२०८३/०४/०७**

**फैसला मितिः-२०८३/०४/०७**

**वादी**

**प्र.ना.नि. राजकुमार घलान समेतको प्रतिवेदनले नेपाल सरकार.........................१**

**प्रतिवादी**

**भारत बिहार राज्य जिल्ला मोतिहारी पुर्वी चम्पारण थाना छौडादानो ग्राम पञ्चायत एकडरी वडा नं.४ एकडरी टोलमा बस्ने सुरेश गिरीको छोरा बर्ष २४ को मुन्ना कुमार समेत ३ जना ...१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डियुटीमा बाधा अवरोध पुऱ्याई शान्ति सुरक्षामा खलल पुऱ्याई अभद्र व्यहावर गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीहरुले प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डियुटीमा बाधा अवरोध पुऱ्याई शान्ति सुरक्षामा खलल पुऱ्याई अभद्र व्यहावर गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डियुटीमा बाधा अवरोध पुऱ्याई शान्ति सुरक्षामा खलल पुऱ्याई अभद्र व्यहावर गरेकोले हामीलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।
४. प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डियुटीमा बाधा अवरोध पुऱ्याई शान्ति सुरक्षामा खलल पुऱ्याई अभद्र व्यहावर गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शेषनाथ प्रसाद साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८३।०३।२५ गते अं.२०:३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१६ मितेरी पुल नजिक वीरगंज रक्सौल सडकमा मुन्ना कुमार कानु पक्ष र प्रितम कुमार पक्ष बीच ८।१० जना मानिसहरुको संख्यामा एक आपसमा वादविवाद, झै-झगडा भई रहेको भन्ने प्राप्त सूचनाको आधारमा मेरो कमाण्डमा प्रहरी टोली खटी गई उक्त स्थानमा पुग्दा ५।६ जना मानिसहरु भागी गएका र फेला परेका प्रतिवादीहरु मुन्ना कुमार कानु, बिकी साह र प्रितम कुमारलाई सम्झाई बुझाई गर्दा दुवै पक्षका मानिसहरु नमानी उल्टै म समेतको प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डियुटीमा

बाधा अवरोध पुऱ्याई शान्ति सुरक्षामा खलल पुऱ्याई अभद्र व्यहावर गरेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि पेश गरेको भन्ने व्यहोराको प्र.ना.नि.राजकुमार घलान समेतको प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरु मुन्ना कुमार,बिकी कुमार र प्रितम कुमारले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८ (१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१६ मितेरी पुल नजिक वीरगंज रक्सौल सडकमा मुन्ना कुमार कानु पक्ष र प्रितम कुमार पक्ष बीच ८।१० जना मानिसहरु एक आपसमा वादविवाद, झै-झगडा भई रहेको भन्ने प्राप्त सूचनाको आधारमा प्रतिवेदकको कमाण्डमा प्रहरी टोली खटी गई उक्त स्थानमा पुग्दा ५।६ जना मानिसहरु भागी गएका र फेला परेका प्रतिवादीहरुले प्रहरी टोलीलाई अश्लिल शब्द प्रयोग गरी गालीगलौज गरी डिउटीमा बाधा अवरोध पुऱ्याई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु मुन्ना कुमार,बिकी कुमार र प्रितम कुमारलाई कैद १४ दिन जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८ (१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८ (२) बमोजीम प्रतिवादीहरु मुन्ना कुमार,बिकी कुमार र प्रितम कुमारलाई ठहरेको कैद १४ दिनको हकमा निज मिति २०८३/०३/२५ देखि २०८३/०४/०६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निज प्रतिवादीहरु मुन्ना कुमार,बिकी कुमार र प्रितम कुमारबाट जनही जरिवाना रकम रु.१००००/- असुल उपर गर्नु ------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------------------------------------------------------------------१

भोला दाहाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८३ श्रावण महिना ७ गते विहीवार रोज ५/ ने.सं. ११४६ दिलाथ्व नवमी, शुभम् ....